# परवलको उन्नत खेती प्रविधि

**केशब बहादुर चन्द**
प्राविधिक अधिकृत
**डा. इश्वरी प्रसाद गौतम**
क्षेत्रीय निर्देशक

## परिचय

परवल बहुवर्षिय लहरे तरकारी बाली हो । यो कुकुरबिटेसी परिवार अन्तर्गत पर्दछ । पौष्टिक दृष्टिकोणले यो ज्यादै उपयोगी तरकारी बाली हो । यसमा २ प्रतिशत प्रोटीन र प्रशस्त मात्रामा भिटामिन 'ए' र 'सी' तथा क्याल्सियम, फस्फोरस, म्यागनेसियम, सोडियम जस्ता तत्वहरु पाइन्छ । यो मुटु र मस्तिष्कका बिरामीहरुलाई उपयोगी हुने तरकारी बाली हो । परवल सजिलैसंग पच्ने र रक्त संचारमा सुधार ल्याउने तरकारी बाली हो ।

## वानस्पतिक विवरण

परवल बहुवर्षिय लहरे बाली हो । एकपटक रोपेको परवल राम्रो स्याहारसुसार पाएमा ३-४ वर्ष सम्म फल्दछ । शरद ऋतुमा परवल सुषुप्त अवस्थामा रहन्छ भने वषन्त ऋतुमा तापक्रम बढ्न थालेपछि नयाँ लहरा पलाउन थाल्दछ र यिनै लहरामा फल लाग्दछ । परवलमा भाले र पोथी बोट अलग-अलग हुन्छन् । भाले बोटमा फल नलागेपनि परागसेंचन को लागि भाले आवश्यक हुन्छ । राम्रो उत्पादन लिन र फलको वृद्धि विकासको लागि विरुवा लगाउदा ८५-९० प्रतिशत पोथी र बोट १०-१५ प्रतिशत भाले बोट हुनुपर्दछ अथार्त २० पोथीमा एउटा भाले आवश्यक हुन्छ । परवलको फूल बिहानै फुल्ने र ६ देखि १२ वजे सम्म सेचनक्रिया पुरा हुन्छ ।

## हावापानी

परवल खेतीको लागि गर्मी तथा ओसिलो हावापानी आवश्यक पर्दछ । यसको खेती नेपालको तराई क्षेत्र र भित्री मधेशमा सफलताका साथ गर्न सकिन्छ ।

## माटो

परवल खेतीको लागी प्रशस्त प्राङगारिक पदार्थ भएको दोमट माटो सर्वोतम मानिन्छ । माटोको अम्लियपना ५.५ देखि ६.५ भएको पानी नजम्ने र निकासको प्रबन्ध भएको माटो उपयुक्त हुन्छ । यसको खेती तराईका कृषकहरुले नदी किनारमा बगर खेतीको रुपमा गर्ने गरेको पाईन्छ ।

## उन्नत जातहरु

नेपालमा परवल खेती सम्बन्धि खासै अध्ययन अनुसन्धान नभएतापनि तराईका कृषकहरुले भारतबाट विभिन्न जातहरू भित्राई खेती गरीरहेका छन ति जातहरुलाई निम्न किसिमले वर्णन गर्न सकिन्छ ।

१) **सेता धर्सा भएको लामो**: यस किसिमको परवलको बीच भागमा मोटो र दुवै तर्फ चुच्चो परे को हुन्छ फल लामो आकारको र एक छेउ देखि अर्को छेउसम्म सेतो धर्साले ढाकिएको हुन्छ ।

२) **हरियो सानो**: यस किसिमको परवलको आकार गोलो र रंग हरियो हुन्छ ।

३) **हरियो लामो**: फलको आकारमा मध्य भाग मोटो र दुवै तर्फ चुच्चो परेको हुन्छ, फल हरियो हुन्छ फलमा सेता धर्सा हुदैनन् ।

४) **हरियो गोलो सेता धर्सा भएको**: यसको आकार करिब करिब गोलो नै हुन्छ, ६,७ वटा सेता धर्सा हुन्छन । अन्य भारतबाट ल्याइएका जातहरुमा बम्पर, गोला, काजधार, क्रान्ति आदि छन् ।

## जमिनको तयारी

परवल खेतीको लागि जमिनको तयारी गर्दा गृष्म ऋतुमा कम्तिमा ३-४ पटक गहिरो खनजोत गर्नुपर्दछ । त्यसपछि कलमी वा बेर्ना रोप्ने समयमा २, ३ पटक जग्गा पुनः जोती सम्याउनु पर्दछ । बिरुवा लगाउने तरिका अनुसार जग्गाको रेखाङ्कन गरी पानी को राम्रो निकास को प्रबन्ध मिलाउनु पर्दछ ।

## लगाउने समय र तरिका

परवल लगाउने उपयुक्त समय असोज महिना भएता पनि भाद्र देखि कार्तिकसम्म लगाउन सकिन्छ । लगाउने लहराको छनौट गर्दा पुराना र रोगकीरा नलागेका बिरुवाबाट ५ से.मी. लामो लहारा काटेर त्यसलाई गोलाकार बनाइन्छ । गोलाकार बनाउदा अंग्रेजी अंक को आठ (8) वा नेपाली अंकको चार (4) जस्तै बनाइन्छ । रोप्दा माटोबाट १५-२० से.मी. बाहिर निस्कने गरी रोप्नु पर्दछ । परवल २ किसिमले रोप्न सकिन्छ ।

१) खाल्डो खनेर (लाइनबाट लाइनको दूरी २ मिटर, बोटबाट बोटको दूरी १ मिटरमा ३०×३०×३० से.मी. को खाल्टो बनाएर मल राखी त्यसमाथि बिरुवा रोप्नु पर्दछ ।

२) लामो कुलेसो वा नाला बनाएरः २५ से.मी. चौडाई र ३० से.मी. गहिरो कुलेसो खनेर त्यसमा आवश्यक मलखाद राखेर लहरा रोपिन्छ । दूरी भने २×१ मी. नै कायम गर्नु पर्दछ ।

## मलखाद

परवल खेतीको लागि मलखादको प्रयोग जमिन को उर्वराशक्तिमा निर्भर गर्दछ । पहिलो वर्षमा प्रति कट्ठा १००० के.जी. कम्पोष्ट, ३ किलो डि.ए.पी., २.५ के.जी. पोटास र ३.५ के.जी. यूरियाको आवश्यता पर्दछ । दोस्रो वर्ष देखि आश्विन कार्तिकमा गोडमेल गरी बिरुवाको रिङमा यूरियाले टपड्रेस गर्न सकिन्छ ।

## सिंचाई तथा गोडमेल

आश्विन-कार्तिकमा सारेको कलमीलाई रोपीसकेपछि तुरुन्त सिंचाई दिनु पर्दछ । सिचाई गर्दा प्लटमा पानी जम्न दिनुहुदैन । निकासको व्यवस्था मिलाउनु पर्दछ । जमिनको चिस्यान हेरेर ३-४ पटक सिंचाई दिनु पर्दछ । परवलका लहरा जाडो समयमा मर्दछन् पुन वसन्त ऋतुमा नयाँ मुना

पलाउंदछ त्यसैले मंसिरको अन्यतिर सुकेका लहरालाई मूल लहराको आधा मिटर बांकी राखी अन्य लहरा हटाउनु पर्दछ। फेदको माटो खुकुलो गरी मलखाद र सिंचाई दिनु पर्दछ। त्यही मूल लहराबाट धेरै लहरा पलाएर परवल फल्दछ।

### बाली संरक्षण

परवलमा खासै कुनै घातक रोग देखिएको छैन तर पात र फूललाई नोक्सान गर्ने कीराहरूको आक्रमण हुन सक्दछ। कीरा नियन्त्रणको लागि नुभान वा सेभिनको प्रयोग गर्नुपर्दछ। पाउडरी मिल्डयू रोगको लागि क्याराथेन भन्ने विषादी १ देखि १.५ मी.ली. प्रति लिटर पानीमा राखेर १५-१५ दिनको अन्तरमा कम्तिमा २ पटक छर्नुपर्दछ।

### उत्पादन

परवल फाल्गुन देखि जेष्ठसम्म फलिरहने भएकाले लामो अवधिसम्म उत्पादन लिन सकिन्छ। विभिन्न ठाँउका कृषक सँग भेटघाट र उनीहरुको तथ्याकं अनुसार प्रति कट्ठा ६०० के.जी. सम्म उत्पादन लिन सकिने र सोको बिक्रीबाट १६००० जति आम्दानी लिन सकिने देखिएको छ।